# पूर्वखोला गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :९ पूर्वखोला अषाढ २०८२/०६/०२ संख्याः१**

## पूर्वखोला गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०६/०२**

नेपालको संविधानले दिएको स्थानीय तहको अधिकार साथै स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम पूर्वखोला गाउँपालिका क्षेत्रमा शान्ति, सु-व्यवस्था, अमनचयन कायम गर्दै गाउँपालिकाको नीति नियमलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन वान्छनीय देखिएकाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार प्रयोग गरी पूर्वखोला गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम पूर्वखोला गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"गाउँपालिका" भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "नगर प्रहरी" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) “कार्यक्षेत्र भन्नाले” यस गाउँपालिकाले ओगटेको भू- भाग वा यस गाउँपालिका अन्तर्गत पर्ने वडाहरुले ओगटेको सम्पूर्ण भू-भागलाई सम्झनु पर्छ ।

(ङ) “कार्यालय” भन्नाले पूर्वखोला गाउँपालिका कार्यालय र पूर्वखोला गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरु समेतलाई सम्झनु पर्छ ।

(च) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) “पदपूर्ति समिति” भन्नाले दफा ६ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(ज) “कर्मचारी भन्नाले” गाउँपालिका क्षेत्र भित्र कार्यरत संघीय निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत नियुक्त भएका कर्मचारी सम्झनु पर्छ ।

(झ) “वरिष्ठ” भन्नाले वरिष्ठ नगर प्रहरी भनि सम्झनु पर्छ ।

(ञ) “करार भन्नाले” अनसुची १ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्यकता अनुसारका शर्तहरु समेत तोकेर निश्चित कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता सम्झनु पर्छ ।

## परिच्छेद २

## नगर प्रहरीको श्रेणी, पद र कार्यालय सम्बन्धी व्यवस्था

३. श्रेणी र पदः

(क) नगर प्रहरी श्रेणी विहिन सरह हुनेछ ।

(ख) नगर प्रहरीको पद देहाय अनुसार हुनेछ ।

(१) बरिष्ठ नगर प्रहरी

(२) नगर प्रहरी

४. पदसंख्या निर्धारणः

(क) गाउँपालिकामा नगर प्रहरीको पदसंख्या देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिकाको आन्तरिक श्रोत साधनलाई मध्यनजर गरी प्रत्येक वडाहरुमा १ जना नगर प्रहरी र गाउँकार्यपालिकाको कार्यालयमा बढीमा २ जना नगर प्रहरी तथा १ जना वरिष्ठ नगर प्रहरी पदपूर्ति गरी राख्न सकिनेछ ।

तर, उपदफा १ मा जे लेखिएता पनि गाउँपालिकाका वडाहरुमा नगर प्रहरीको संख्या निर्धारण गर्दा वडाको जनसंख्यालाई आधार बनाई प्रत्येक पाँच हजार जनसंख्याको लागि १ जना नगर प्रहरी खटिने गरी पदसंख्या निर्धारण गर्न सकिनेछ।

(ख) दफा ४ को उपदफा क (१) अनुसार पदसंख्या निर्धारण गर्ने कार्य गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

५. कार्यालय सम्बन्धी व्यवस्थाः

(क) नगर प्रहरी तथा वरिष्ठ नगर प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

## परिच्छेद ३

## पदपूर्ति सम्बन्धि व्यवस्था

६. नगर प्रहरीको पदपूर्तिः

(क) बरिष्ठ नगर प्रहरीको पदपूर्ति नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सुरक्षा निकायमा अनुभव प्राप्त अनसुची २ मा तोकिएको बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरु मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

तर, उपदफा (क) मा तोके बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दर्खास्त नपरेमा वा निजहरु उत्तीर्ण हुन् नसकेमा अन्य साधारण योग्य नेपाली नागरिकहरु मध्ये बाट वरिष्ठमा पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(ख) नगर प्रहरीको पदपूर्ति अनुसुची २ मा तोकिएको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा हुनेछ ।

(ग) नगर प्रहरीको पदपूर्ति गर्दा समावेशी तरिकाले गर्न सकिनेछ ।

७. पदपूर्ति समितिको गठनः

(क) नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(२) जिल्ला वा ईलाका प्रशासन कार्यालयको अधिकृत स्तरको प्रहरी -विज्ञ सदस्य

(३) सामाजिक विकास समिति अन्तर्गत रहने शाखाको शाखा प्रमुख - सदस्य

(४) गाउँकार्यपालिका कार्यालयको प्रशासन शाखाको शाखा प्रमुख - सदस्य सचिव ।

(ख) उपदफा (क) बमोजिम गठन भएको पदपूर्ति समितिमा अवकाश प्राप्त अधिकृत स्तरको सुरक्षाकर्मी तथा जिल्ला प्रशासन कार्यालयका अधिकृत स्तरको कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

८. पदपूर्ति समितिको काम कर्तव्य र अधिकारः

(क) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नगर प्रहरी (वरिष्ठ समेत) को पाठ्यक्रम निर्धारण गर्ने,

(२) पदपूर्तिको कार्यतालिका बनाउने

(३) परीक्षाको किसिम तोक्ने,

(४) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(५) परीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने र

(६) नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

(ख) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै द्विविधा आईपरेमा आख्तियारवालाले कार्यपालिकाको निर्णय तथा सिफारिशका आधारमा निर्णय गर्नेछ।

९.नगर प्रहरीको योग्यताः

(क) नगर प्रहरी (वरिष्ठ समेत) पदमा खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति हुनको लागि चाहिने न्यूनतम योग्यता अनुसुची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. विज्ञापन प्रकाशनः

(क) पदपूर्ति समितिले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा १५ दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको विषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(१) पदको नाम,

(२) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनुपर्ने),

(३) दरखास्त दिने म्याद र स्थान,

(४) दरखास्त दस्तुर,

(५) आवश्यक न्यूनतम शैक्षिक योग्यता

(६) पेश गर्नुपर्ने आवश्यक प्रमाणहरु,

(७) सम्पर्क मिति र स्थान,

(८) परीक्षाको तरिका र

(९) अन्य शर्तहरु

११. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचाः

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसची ३ र अनुसची ४ मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग रु २०० (अक्षरुपी रुपिया दुई सय मात्र) शुल्क लिई पदपूर्ति समितिले प्रवेश पत्रको प्रतिलिपि उपलब्ध गराउनेछ ।

१२. परिक्षा सञ्चालनः

(क) पदपूर्ति समितिले नेपाल प्रहरीबाट प्रहरी जवान पद छनौटका लागि अपनाउने शारीरिक तन्दुरूस्ती, लिखित, मौखिक तथा अन्य आवश्यक परीक्षाको किसिम तय गरी परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(ख) उपनियम (क) बमोजिम परिक्षा सञ्चालन गर्दा हरेक परिक्षाको नतिजा प्रकाशन भए पश्चात क्रमवद्ध ढंगले परिक्षा सञ्चालन हुनेछ ।

१३. नतिजा प्रकाशनः

(क) उम्मेदवारले प्रथम परिक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर मात्र अर्को चरणको परीक्षा लिईनेछ | प्रकासित नतिजामा उत्तीर्ण उम्मेदवार मात्र अर्को चरणको परिक्षामा सामेल हुन पाउनेछन् ।

(ख) उम्मेदवार छनौटका लागि तय गरिएको अन्तिम प्रकारको परीक्षा अघिको नतिजा प्रकाशन गर्दा सकेसम्म आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(ग) पदपूर्ति समितिले अन्तिम प्रकारको परीक्षा सञ्चालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उतिर्ण बाहेक कम्तिमा एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(घ) पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

१४. नियुक्त गर्ने अधिकारीः

(क) पदपूर्ति समितिले अख्तियारवाला समक्ष सिफारिस भई सो को अनुमोदन भए पश्चात गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाइ नियुक्ती दिनेछन् ।

(ख) नियुक्ती दिने अधिकारीले सफल उम्मेदवारलाई अनुमोदन भएको पन्ध्र दिन भित्र अनुसूची १ अनुसारको करार सम्झौता गरी नियुक्ती दिनु पर्नेछ ।

१५. परिक्षण कालः

(क) नगर प्रहरी (वरिष्ठ समेत) पदमा नियुक्ती पाएको नगरप्रहरीलाई १ वर्ष सम्म परीक्षण कालमा राखिनेछ ।

(ख) उपनियम (क) अनुसार परीक्षण कालमा रहेको नगर प्रहरीको आचरण र कार्य सम्पादन सन्तोषजनक भएको भनि कार्यालयबाट सिफारिश भई आएमा मात्र निजको करार थप गरिनेछ ।

१६. नियुक्ती बदर हुन सक्ने अवस्थाः

(क) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले नगर प्रहरी (वरिष्ठ समेत) को नियुक्ती वदर गर्न सक्नेछ ।

(१) परीक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा अनुसूची ५ मा तोकिए बमोजिमको आचरण वा

(२) दफा १५ को (ख) बमोजिम नियुक्ती सदर भई कार्य सम्पादन गरिरहेको नगर प्रहरी (वरिष्ठ समेत) को अनुसूची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।

(ख) दफा १६ मा जुनसुकै कुरा उल्लेख भएता पनि नगर प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला परेमा, भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न रहेको प्रमाणित भएमा वा निज विरुद्ध फौजदारी अभियोग लागेमा निजको नियुक्ती तत्काल वदर हुनेछ ।

## परिच्छेद ४

### १७. नगरप्रहरीको काम, कर्तव्य र अधिकार

(क) नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी पौवा, मठ, मन्दिर, पेटी चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी कार्यालयलाई गराउने ।

(२) पसलहरुमा सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कारवाही चलाउने ।

(३) चुङ्गीकर छली ल्याएको, ईजाजत वेगर पेशा व्यवशाय गरेको तथा विज्ञापन गरेको भेट्टिएमा आवश्यक कारवाहीको लागि कार्यालयलाई जानकारी गराउने ।

(४) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

(५) छाडा चौपायालाई कान्जी हाउस पुर्याउने कार्यमा सहयोग गर्ने ।

(६) सार्वजनिक आवागमनमा वाधा पुर्याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने ।

(७) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(८) गाउँपालिकाको ऐन, नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(९) गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुर्याउने ।

(१०) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने कार्यमा सहयोग गर्ने ।

(११) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(१२) गाउँपालिकाको न्यायिक तथा मेलमिलाप कार्यमा आवश्यक सहयोग गर्ने ।

(१३) विपद्का क्रममा घटनास्थलमा गई व्यवस्थापनमा सहयोग गर्ने ।

(१४) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (क) २ मा उल्लेखित कार्यहरु तथा प्रमुख प्रशासकीय अधिकृतले निर्देशन गरेका अन्य कार्यहरु समेत गर्ने |

(ख) वरिष्ठ नगर प्रहरीले नियम १७ को उपनियम (क) बमोजिमका काम, कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका नगर प्रहरीहरुको कार्यमा समन्वय साथै निरीक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

परिच्छेद ५

बिदा एवं पारिश्रमिक सम्बन्धी व्यवस्था

१८. बिदा सम्बन्धी व्यवस्था :

(क) नगर प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा उपभोग गर्न पाउनेछन् ।

(१) नगर प्रहरीले बर्ष भरीमा जम्मा ६ दिन बिरामी विदा पाउनेछन् ।

(२) नगर प्रहरीले बर्षभरीमा जम्मा ६ दिन भैपरी आउने विदा पाउनेछन् ।

(४) पुरुष नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ७ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन् ।

(५) महिला नगर प्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा पाउने छन् ।

(६) नगर प्रहरीले आफ्नो कुल धर्म अनुसार किरिया बस्न परेमा वा निजको परिवारमा काज किरिया गर्नको लागि सहोदर नाता सम्बन्धी व्यक्ति किरिया बसेमा काज किरियामा सघाउन तथा महिला नगर प्रहरीको हकमा निजको पति किरिया बस्नु परेमा निजहरुको सामाजिक संस्कार अनुसारको किरिया विदा पाउनेछन् ।

(ख) नगर प्रहरीहरुलाई उपदफा (क) मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको बिदा दिईने छैन ।

(ग) बिदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

(घ) उपदफा (क) मा उल्लेख भए अनुसारका बिदाहरु अर्को वर्षको लागि सञ्चित गर्न पाईने छैन ।

(घ) माथि जुनसुकै कुराहरु उल्लेख भएता पनि कुनै नियमित तथा आकस्मिक कार्यका लागि गाउँ कार्यपालिकाको कार्यालयले नगर प्रहरीलाई जुनसुकै बेला कामकाजमा खटाउन सक्नेछ ।

१९. पारिश्रमिक सम्बन्धी व्यवस्था

(क) नगर प्रहरीहरुको तलब वा पारिश्रमिक देहाय बमोजिम हुनेछ,

(१) नगर प्रहरीहरुको मासिक तलब तथा सुबिधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

तर, वरिष्ठ नगर प्रहरीको मासिक तलब वा सुबिधा नगर प्रहरीको लागि तोकिएको पारिश्रमिक भन्दा थप सुबिधा पाउने गरी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ग) नगर प्रहरीले ६ महिना करार सेवामा कार्य गरे पश्चात अर्को वर्षमा करार नविकरण भएमा निजलाई खाईपाई आएको मासिक तलबको शत प्रतिशतले हुन आउने रकम चाडपर्व खर्च वापत उपलब्ध गराईनेछ ।

(घ) नगर प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिई कार्यसम्पादन गरेको व्यहोरा कार्यालयले प्रमाणित गरे पश्चात मात्र निजको पारिश्रमिक भुक्तानी हुनेछ ।

परिच्छेद ६

अनुगमन, कार्य सम्पादन मूल्याङ्कन एवं नियन्त्रण

२०. अनुगमनः

(क) गाउँपालिका तथा यसले ओगटेको भू-भाग भित्र खटिएका नगरप्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ ।

(१) नगरप्रहरीहरुको काम कारवाहीको अनुगमन तथा निरीक्षण कार्यालयले तोकेको कर्मचारीले नियमित रुपमा गर्नेछन् ।

(२) कार्यालयले आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी गाउँ कार्यपालिकाको बैठकमा प्रत्येक ६-६ महिनामा पेश गर्नुपर्नेछ र सोहि आधारमा निजको करार नविकरण गर्ने वा नगर्ने विषयमा कार्यपालिकाले निर्णय गर्नेछ ।

२१. कार्य सम्पादन मूल्याङ्कन एवं नियन्त्रणः

(क) दफा २० उपदफा (क) को ३ र ४ बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि नगरप्रहरीको कार्य सम्पादन मूल्याङ्कन कार्य हुनेछ ।

(ख) दफा २१ को (क) अनुसार कार्य सम्पादन मूल्याङ्कन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी वा गर्न लगाई गाउँ कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(ग) दफा २१ को उपदफा (क) र (ख) अनुसार नगर प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा गाउँपालिका कार्यालयले गाउँ कार्यपालिकाको बैठकमा सिफारिश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाको बैठकबाट सिफारिस अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको सेवा करार थप गर्नेछ ।

(ङ) नगर प्रहरीले आफु जुन वडा वा स्थानमा कार्यालयद्वारा खटाईएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

(च) नगरप्रहरीको कार्य सम्पादन स्तरलाई उच्छूंखल हुन नदिन कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ र सो निर्देशन पालना नगरेको पाएमा जुनसुकै बखत करार रद्द गरी सेवाबाट बर्खासत गर्न सक्नेछ ।

परिच्छेद ७

विविध

२२. पोशाकः

(क) नगर प्रहरी (वरिष्ठ समेत) को पोशाक गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) उपनियम (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधान र प्रचलित कानूनको प्रतिकुल नहुने गरी गर्नु पर्नेछ ।

(ग) गाउँ कार्यपालिकाको कार्यालयले पोशाक खर्च वापत नगर प्रहरीहरुलाई वार्षिक रुपमा रु १००००|- (रुपियाँ दश हजार मात्र) पोशाक खर्च उपलब्ध गराउनेछ ।

२३. जिन्सी सामाग्री सम्बन्धमा

(क) गाउँ कार्यपालिकाको कार्यालयले दफा २२ को उपदफा (क) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु नगर प्रहरी (वरिष्ठ समेत) लाई उपलब्ध गराउनेछ ।

(ख) नगरप्रहरी (वरिष्ठ समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

२४. राजिनामा सम्बन्धमा :

(क) नगर प्रहरी (वरिष्ठ समेत) ले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा गाउँ कार्यपालिकाको कार्यालयमा आफुले कार्य छोड्नु १ महिना अघि नै जानकारी दिनु पर्नेछ | पूर्व जानकारी नदिएमा निजले सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी दिईने छैन ।

(ग) माथि उपदफा (क) मा जे लेखिएको भएता पनि कुनै नगर प्रहरीलाई निको नहुने रोग लागेमा वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गर्नुपरेमा वा निजको मृत्य भएको खण्डमा निजले पाउनुपर्ने बाँकी पारिश्रमिक गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी गरिनेछ ।

२५. बिमा सम्बन्धमा : कार्यालयले नगरप्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक विमाको व्यवस्था गर्न सक्नेछ ।

२६. ऐन, नियमको पालना सम्बन्धमा :

(क) नेपाल सरकारले जारी गरेका नीति, नियम, निर्देशन तथा कानूनको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ |

२७. ज्यालादारीमा नगर प्रहरी नियुक्त गर्न सक्ने :

(क) गाउँ कार्यपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा, विपद तथा महामारी वा मेला, चाडपर्व जस्ता कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत नगर प्रहरीको नियक्ती गरी व्यवस्थापन गर्न सक्नेछ ।

(ख) दफा २७ को उपदफा (क) अनुसार प्रहरीको नियुक्ती गर्ने र पारिश्रमिक तोक्ने कार्य गाउँ कार्यपालिकाको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ग)दफा २७ को उपदफा (क) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँ कार्यपालिका कार्यालय वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(घ) यस दफा बमोजिम नियुक्त हुने नगर प्रहरीको नियुक्ती तथा काम, कर्तव्य र अधिकार अन्य नगर प्रहरी सरह हुनेछ ।

२८. प्रशासनिक व्यवस्थापनः

यस कार्यविधि अनुसार नियुक्त गरिएका सम्पूर्ण नगर प्रहरी (वरिष्ठ समेत) हरुको खटनपटन गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ र निजहरुको अभिलेख र हाजिर व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

२९ संसोशन गर्ने अधिकारः

यस कार्यविधिमा उल्लेख भएका दफा एवं उपदफाहरुमा आवश्यक संसोधन गर्नुपरेमा सो संशोधन गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

अनुसूची- १

(दफा १४ को उपदफा (ख) सँग सम्बन्धित)

सेवा करार सम्झौता पत्र

पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय र .........................जिल्ला,....................गाउँपालिका, वडा नं..... बस्ने श्री .................................बीच भएको सेवा करार लिने दिने सम्बन्धिको करार सम्झौता पत्र ।

पूर्वखोला गाउँकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र ............ जिल्ला ................गाउँपालिका, वडा नं..... बस्ने .................. को छोरा/छोरी बर्ष....... को श्री ...............(यसपछि दोस्रो पक्ष भनिने) का बिच पूर्वखोला गाउँपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि वरिष्ठ नगर प्रहरी / नगर प्रहरी पदमा सेवा करारमा लिने/ दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौ ।

१. यो करारनामाको अवधि मिति ...........गतेबाट .... गतेसम्म हुनेछ ।

२. सेवा गरे वापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक वापत रु...............(अक्षरुपी................।) प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।

३. कनै कारणवश दोस्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजीनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी दिनुपर्नेछ । अन्यथा दोस्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई भुक्तानी दिने छैन ।

४. दोस्रो पक्षले सेवा त्याग गर्दा आफुसंग रहेको जिन्सी सामान र तिर्नु बुझाउनुपर्ने बाँकी दायित्व बुझाई फरफारक गर्नुपर्नेछ र सो बमोजिम नभए/नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ र सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

५. दोस्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्य विवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धी जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारीपूर्वक पुरा नगरेमा वा दोस्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोस्रो पक्षले गैह्र जिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुऱ्याएमा पहिलो पक्षले तोके बमोजिमको हानी, नोक्सानीको रकम हर्जाना स्वरुप दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोस्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु पूर्वखोला नगरप्रहरी व्यवस्थापन कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोस्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोस्रो पक्ष संगको करार नियुक्ति सदर गरि अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई पोशाक खर्च वापतको रकम उपलब्ध गराउनेछ ।

१०. यस करारनामामा उल्लेख नभएमा ।

| पहिलो पक्ष | रोहबर | दोस्रो पक्ष |
|---|---|---|
| हस्ताक्षरः......................... | गा.पा अध्यक्षः | हस्ताक्षर..................... |
| नाम थर ...................... | लेखा प्रमुखः | नाम थर...................... |
| दर्जाः प्रमुख प्रशासकीय अधिकृत | | ...........गाउँपालिका, |
| कार्यालयको छाप | | वडा नं ............... |

सम्वत् ........... साल..........महिना....गते.........रोज..........शुभम् ।

अनुसूची- २

(दफा ९को उपदफा (क) सँग सम्बन्धित)

(क) नगर प्रहरीको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ ।

(१) नेपाली नागरिक।

(२) १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको । (महिलाको हकमा ३० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(३) कम्तीमा १० कक्षा उतिर्ण भएको हुनुपर्नेछ ।

(४) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटिमा ५० के.जी. हुनुपर्नेछ । महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्नेछ ।

(५) कनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको खुल्ने प्रहरी रिपोर्ट ।

(६) शारिरिक रुपमा स्वस्थ रहेको भनि नेपाल मेडिकल काउन्सिलमा दर्ता भई सरकारी अस्पतालमा कार्यरत मेडिकल अधिकृतले जारी गरेको निरोगिताको प्रमाणपत्र ।

(ख) वरिष्ठ नगर प्रहरीको लागी चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ ।

(१) नगर प्रहरीको लागि तोकिएको योग्यता अन्तर्गत (क) १, ३, ४, ५ र ६ मा उल्लेखित योग्यताहरु।

(२) २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको) ।

(३) कम्तीमा एस.एल.सी. वा सो सरह परिक्षा उतिर्ण गरेको ।

अनुसूची-३

दरखास्त फारामको नमुना

( दफा ११ को उपदफा (क) सँग सम्बन्धित )

नियुक्त हुन चाहेको पदः

विज्ञापन नं.

आवेदन पेश गरेको कार्यालयः

व्यक्तिगत विवरण

नाम थरः

जन्म मितिः

स्थायी ठेगानाः

बाबुको नामः बाजेको नामः आमाको नामः

पेशाः

वैवाहिक स्थितीः............................

शैक्षिक योग्यताः..................उतिर्ण साल................ प्राप्त प्रतिशत....................

नागरिकता नं................. जारी भएको मितिः..................... जिल्लाः..........

अनुभव भए/नभएकोः..................................

संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपिहरुः

१.

२.

३. औंठा छाप

४.

५. दाया बांया

माथि उल्लेख गरेका विवरण र संलग्न गरेका कागजातहरु सही साँचो हुन । फरक परे कानुन बमोजिम सहुँला/बुझाँउला ।

मितिः निवेदकको हस्ताक्षरः

अनुसूची-४

प्रवेश पत्रको नमुना

(दफा ११ को उपदफा (क) संग सम्बन्धित)

परीक्षा प्रवेश पत्र

नियुक्त हुन चाहेको पदः

विज्ञापन नं.

विज्ञापन मितिः

दर्ता नं.

नाम थरः

श्रेणी/तहः

उम्मेदवारको दस्तखत नमुनाः

सम्बन्धित कर्मचारीले भर्नेः

यस कार्यालयबाट लिईने उक्त पदको परिक्षामा तपाईलाई संलग्न हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ ।

| | |
|---|---|
| मितिः | अधिकृतको दस्तखत |
| ...................... | ........................................ |

अनुसूची- ५

नगर प्रहरीमा हुनुपर्ने आचरण

(दफा १६ को उपदफा (क) २ सँग सम्बन्धित)

१. कुनै प्रकारको कुलतमा परेको हुनुहुदैन ।

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनुपर्ने ।

३. कुनै राजनैतिक पार्टीको सदस्य हुनुहुदैन ।

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध हुनहुदैन ।

५. कुनै प्रकारको फौजदारी अभियोग नलागेको हुनुपर्ने ।

६. ड्युटीमा खटिएको समयमा कुनै प्रकारको मादक पदार्थ सेवन गर्न नहुने ।

७. ड्युटीमा खटिएको समयमा कोही व्यक्तिसंग झै-झगडा एवं रिसराग गर्न नहुने ।

८. नेपालको कुनै कानूनले अयोग्य नभएको ।

**गाउँकार्यपालिकबाट पारित मितिः२०८२/०६/०२**

**प्रमाणीकरण गर्नेः नुन बहादुर थापा अध्यक्ष**

**प्रकाशित मितिः२०८२/०६/२३**

**आज्ञाले**

**राजु नेपाल**

**प्रमुख प्रशासकीय अधिकृत**